**अरुण काबेली पावर लिमिटेड**
ट्रेड टावर नेपाल, थापाथली काठमाडौं, नेपाल ।
फोन नं: ०१-५९१४१७६, इमेल: arunkabeli@gmail.com
वेबसाइट : www.arunkabeli.com.np

## पन्धौं वार्षिक साधारण सभा सम्बन्धि सूचना

यस कम्पनीको मिति २०८२।०५।११ गते बुधवार बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको पन्धौं वार्षिक साधारण सभा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्नको लागि मिति २०८२।०६।०३ गते शुक्रवार बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान**

मिति : २०८२।०६।०३ गते शुक्रवार, (September 19, 2025, Friday)
स्थान : होटल कृष्टल पशुपती, पिङ्गलास्थान, गौशाला, काठमाण्डौं ।
समय : बिहान ११ बजे देखि

**वार्षिक साधारण सभामा छलफल तथा निर्णयका लागि निर्धारित विषय सूचीहरु:**

**क) सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/८२ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरू छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व.२०८२/०८३ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. काबेली इर्नर्जी लिमिटेड कम्पनीको संस्थापक शेयरमा थप लगानी गर्न तथा बैंकको दिर्घकालिन कर्जा आंशिक भुक्तानी गर्न हाल कम्पनीको कायम चुँका पूँजीको एक बरावर शून्य दशमलव पाँच शून्य (१ : ०.५०) को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने ।
२. विभिन्न कम्पनीका संस्थापक शेयरमा गरिएको लगानी अनुमोदन गर्ने तथा नयाँ कम्पनीहरुमा लगानी गर्न स्वीकृती प्रदान गर्ने ।
३. कम्पनीको प्रबन्ध पत्रको दफा ४ को उपदफा १ (ज) मा रहेको उद्देश्यमा संशोधन गर्ने ।
४. हकप्रद शेयर निष्काशन पश्चात् कम्पनीको पूँजी वृद्धि हुने भएकाले सो प्रयोजनका लागि प्रवन्धपत्र तथा नियमावलीका दफाहरुमा आवश्यक संशोधन थपघट वा परिमार्जन गर्न सञ्चालक समितीलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध**

**साधारण सभा सम्बन्धि सामान्य जानकारीहरु:**

१) शेयरधनीहरुको दस्तखतको लागि शेयरधनी उपस्थिति पुस्तिका विहान १०:०० बजेबाट खुल्ला गरिनेछ ।
२) साधारण सभामा उपस्थित हुने शेयरधनीहरूले आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको कुनै प्रमाण पत्र तथा हितग्राही खाता खोली शेयरको अभौतिकरण गरिएको विवरण देखिने (Demat Account Statement) वा साथमा शेयर प्रमाण पत्र लिई सभामा भाग लिन हुन अनुरोध छ ।
३) पन्धौं वार्षिक साधारणसभाको प्रयोजनका लागी २०८२ भाद्र २५ गते बुधवार एक दिनका लागि शेयरको दर्ता किताव बन्द रहनेछ । २०८२ भाद्र २५ गतेको अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई तीन कार्यदिन अर्थात २०८२ भाद्र २९ गते भित्र दाखेल खारेजका लागी प्राप्त शेयरहरुबाट कायम रहेका शेयरधनीहरु मात्र यस सभामा भाग लिन योग्य हुनेछन ।
४) साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गर्नु पर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा वा निर्वाचनमा भाग लिएमा प्रतिनिधि पत्र स्वत: बदर हुनेछ ।
५) एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भागलिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।
६) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धि कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत् सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहित हुनेछ ।
७) पन्धौं वार्षिक साधारण सभा सम्वन्धि थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, दोस्रो तल्ला, ट्रेड टावर नेपाल, थापाथली, काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । थप जानकारीको लागि कम्पनीको टेलिफोन न ०१-५९१४१७६ वा वेबसाइट www.arunkabeli.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

नोट: शेयरधनीहरुको जानकारीका लागि मिति २०८२/०५/१२ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशित गरिनेछ ।